नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन
Democratic Lawyer's Association Nepal

Regd. No. : 126/047/048



**अध्यक्ष**
ब. अधिवक्ता सीताराम के.सी.

**वरिष्ठ उपाध्यक्ष**
ब. अधिवक्ता जगन्नाथ ढकाल

**महिला उपाध्यक्ष**
अधिवक्ता कविता थापा काकी

**उपाध्यक्ष**
अधिवक्ता कविता बस्नेत
अधिवक्ता रामानन्द साह
अधिवक्ता जनक राज श्रेष्ठ
अधिवक्ता भुमिश्वर शर्मा गौतम
अधिवक्ता विष्णु प्रसाद धिताल
अधिवक्ता पदम बहादुर शाही
अधिवक्ता गंगाराम पाध्याय

**महासचिव**
अधिवक्ता ज्ञानेन्द्र प्रसाद अधिकारी

**सचिव**
अधिवक्ता शिव प्रसाद रेग्मी
अधिवक्ता धन माया राना

**कोषाध्यक्ष**
अधिवक्ता हरि बहादुर बस्नेत

**सदस्य**
ब. अधिवक्ता योगेन्द्र ब. अधिकारी (पदेन)
अधिवक्ता बसुन्धरा थापा
अधिवक्ता प्रदिप काकी
अधिवक्ता सुनिल पाण्डे
अधिवक्ता हरिप्रसाद रेग्मी
अधिवक्ता सत्येन्द्र प्रजापति
अधिवक्ता हरि प्रसाद पन्थ
अधिवक्ता किरण पौडेल
अधिवक्ता दुर्गा प्रसाद पोखरेल
अधिवक्ता आफताब आलम
अधिवक्ता मनमाया पाठक
अधिवक्ता अमलराज शाही
अधिवक्ता अमित कुमार कर्ण
अधिवक्ता भरत बहादुर सिंह
अधिवक्ता दामोदर तिम्सिना (चिरन)
अधिवक्ता प्रज्वल अधिकारी
अधिवक्ता मन्दिरा अधिकारी
अधिवक्ता प्रवीण महर्जन
अधिवक्ता बिनोद अधिकारी
अधिवक्ता दिपेन्द्र अधिकारी
अधिवक्ता चक्र बहादुर थापा (अमित)
अधिवक्ता विष्णु खनाल
अधिवक्ता गोविन्दराम परियार
अधिवक्ता सीता रेग्मी योन्जन
अधिवक्ता विष्णु कुमारी शर्मा
अधिवक्ता जनकराज ढुंगाना
अधिवक्ता सम बहादुर भट्ट
अधिवक्ता विष्णु प्रसाद अर्याल
अधिवक्ता देव बहादुर महत
अधिवक्ता राज कुमार उप्रेती


# प्रेस विज्ञप्ति

यही मिति २०८३ भाद्र १० गते बिहान रसुवा जिल्लाको भोटेकोशी नदीमा आकस्मिक रुपमा आएको बिनाशकारी बाढीले रसुवा जिल्लाका स्याफ्रुबेंसी, टिमुरेलगायत नदी तटीय क्षेत्र, नुवाकोट जिल्लाको त्रिशुली बजार तथा धादिङ जिल्लाका नदी तटीय र आसपास क्षेत्रका बस्तीमा भएको अपूरणीय र अकल्पनीय मनवीय तथा भौतिक क्षतिको घटनाले हामी सबैलाई मर्माहत बनाएको छ । उक्त घटनामा परी मृत्यु भएका मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । यस प्राकृतिक विपत्तिबाट उत्पन्न कठिन परिस्थितिको सामना गर्न नेपाल सरकार, विभिन्न संघ-संस्था तथा निजी क्षेत्रलाई समेत उचित पहल गर्नका लागि आह्वान गर्दछौं ।

अकल्पनीय रुपमा आएको बाढी जस्तो दैवी प्रकोपका कारण उत्पन्न भएको यस विषम परिस्थितिबाट हजारौँको संख्यामा घाइते भएका नागरिकको तत्काल उद्दार गरी शीघ्र उपचारको व्यवस्था गर्न तथा बेपत्ता नागरिकहरुको खोजी तथा उद्धार कार्यलाई तीव्रता दिन, घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था गर्न, प्रभावित परिवारलाई अत्यावश्यक मानवीय सहायता उपलब्ध गराउन तथा जोखिमपूर्ण नदीतटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा बसोबास एवम् जिविकोपार्जनका लागि आवश्यक खाद्यान्न लगायत अत्यावश्यक सामग्रीको व्यवस्था गर्न नेपाल सरकारसँग डिएलए नेपाल हार्दिक अनुरोध गर्दछ ।

विपदको यस दुःखद् र विषम परिस्थितिमा राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, संघसंस्था, कानुन व्यवसायी, बुद्धिजीवी तथा स्वदेश तथा विदेशमा रहनु भएका सबैलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न तथा सरकारसँगको समन्वयमा उद्धार, राहत, स्वास्थ्योपचार र पुनःस्थापनमा एकजुट भई सक्रियताका साथ सहभागी हुन हामी हार्दिक आह्वान समेत गर्दछौं ।

भोटेकोशी नदीमा आएको बाढीका कारण उत्पन्न प्रतिकूल परिस्थितिलाई मध्यनजर गर्दै यही भाद्र १९ र २० का लागि तोकिएको डिएलए नेपालको महाधिवेशन अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको जानकारी गराइन्छ । यसबाट पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । महाधिवेशनको नयाँ मिति र समयबारे पछि छुट्टै सूचना प्रकाशित गरिनेछ ।

अधिवक्ता ज्ञानेन्द्र प्रसाद अधिकारी
महासचिव

वरिष्ठ अधिवक्ता सीताराम के.सी.
अध्यक्ष

मिति: २०८३ भाद्र ११ गते बिहीबार


Central Office: Thapathali, Kathmandu, Nepal; Tel.: 01-4251084, 9851034583, 9851046394
E-mail: info@dlanepal.org.np, dlanepal1990@gmail.com, Website: www.dlanepal.org.np